# नेपाल राष्ट्र बैंक
## विराटनगर कार्यालय

### मौजुदा सूचीमा दर्ता गराउने बारेको सूचना
**(प्रथम पटक प्रकाशित मिति: २०७७/०३/१८)**

आर्थिक वर्ष २०७७/७८ मा यस कार्यालयको लागि आवश्यक पर्ने निम्नलिखित सामान तथा सेवाहरु बोलपत्र, दरभाउपत्र वा वार्ताद्वारा उपलब्ध गराउन चाहने इजाजत प्राप्त रजिष्टर्ड फर्म तथा कम्पनीहरुले आफुले गर्न खोजेको कार्यको उद्देश्य प्रष्ट रुपले खुलेको इजाजतको प्रमाणपत्र (नवीकरण सहित), स्थायी लेखा नम्बर/मुल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०७५/७६ को कर चुक्ता प्रमाणपत्र वा आय विवरण पेश गरेको प्रमाणको प्रतिलिपि सहित ठेगाना, फोन नं., मोवाइल नं. र फ्याक्स नं. प्रष्ट खुलाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) भित्र नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयको मौजुदा सुची (स्ट्याण्डिङ्ग लिष्ट) मा सुचीकृत हुन नेपाल राष्ट्र बैंक, खरिद विनियमावली २०७१ (संशोधन समेत) को विनियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ । उद्देश्य प्रष्ट नखुलेका र योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिने छैन । आवेदकलाई सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । अन्य आवश्यक कुरा बुझ्न परेमा यस कार्यालयको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिने छ ।

### सामान तथा सेवाहरुको प्रकार

१. स्टेशनरी तथा फुटकर सामानहरु
२. छपाई सम्बन्धी कार्यहरु
३. हार्डवेयर, निर्माण सामग्री, रङ्गरोगन तथा फिटिङ्ग
४. विद्युतीय र सौर्य उर्जाका उपकरण तथा सामग्रीहरु (एयरकण्डिसनर, जेनेरेटर, नोट कटिङ्ग मेशिन, इन्भर्टर, पंखा आदि)
५. ईलेक्ट्रोनिक्स उपकरण (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, यु.पि.एस., फ्याक्स, नोट काउण्टिङ्ग मेशिन, सिसिटिभि, टेलिभिजन, टेलिफोन आदि)
६. सवारी साधन, सोको पार्टपूर्जा तथा लुब्रिकेण्ट्स
७. फर्निचरका सामानहरु
८. कपडा तथा फर्निसिङ्गका सामानहरु
९. पेट्रोलियम पदार्थहरु
१०. ट्रंक बाकस
११. शुद्ध पिउने पानी (जार)
१२. भाँडावर्तन
१३. पत्रपत्रिका तथा पुस्तकहरु
१४. भवन मर्मत तथा सम्भार सेवा
१५. विद्युतीय र सौर्य उर्जाका उपकरण तथा सामग्रीहरु (एयरकण्डिसनर, जेनेरेटर, नोट कटिङ्ग मेशिन, इन्भर्टर, पंखा आदि) मर्मत सेवा
१६. ईलेक्ट्रोनिक्स उपकरण (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, यु.पि.एस., फ्याक्स, नोट काउण्टिङ्ग मेशिन, सिसिटिभि, टेलिभिजन, टेलिफोन आदि) मर्मत सेवा
१७. सवारी साधन मर्मत सेवा
१८. फर्निचर मर्मत सेवा
१९. प्राविधिक परामर्श सेवा
२०. सवारी साधन (बस, हवाईजहाज) वहालमा उपलब्ध गराउने
२१. कुरियर सेवा
२२. बगैंचा सम्वन्धी कार्य तथा सरसफाई
२३. अन्य फुटकर सामानहरु

नेपाल राष्ट्र बैंक
बिराटनगर कार्यालय
फोन नं. ०२१-४४२१९०